# Ⅲ-7 दैनिक जीवन

## 1. जापानमा जिबन यापन गर्दा चाहिने म्यानर हरु

### जापानी संग सम्बन्ध

जापानमा जिबन यापन गर्दा चाहिने पहिलो कुरा जापानी शिष्टाचार र जीवनशैली हो। दैनिक जीवनमा अलि अलि गर्दै सिक्ने बानि बसालौ।

- जब तपाई कसैसँग वाचा गर्नुहुन्छ वाचा गरेको समय पालन गर्नुहोस। यदि तपाईं ढिलो हुनुहुन्छ वा जानुहुन्न भने अग्रिम सूचना दिनुहोस।
- जापानीलाई अभिवादन गर्दा जुकेर गर्नुहोस।
- यदि तपाई त्यति धेरै घनिष्ट हुनु हुन्न भने गहन प्रश्न (जस्तै तलब, पारिवारिक संबन्ध, काम बारे) नगर्नुहोस। नजिक नभई गहन प्रस्न सोध्नु त्यति सभ्य मानिदैन।
- यदि तपाई कसैलाई केहि कुरा आग्रह गर्नु छ भने, सुस्त, सानो आवाज अनि सजिलो तरिकाले आग्रह गर्नुहोस ताकी आग्रह गरेको ब्येक्ति लाई असहज नहोस।

### छिमेकी सम्बन्ध

**(1) अभिवादन**

छिमेकीहरु लाई अभिवादन महत्त्वपूर्ण छ। दैनिक अभिवादन एक अर्को चिन्ने मौका हो। यो पनि भनिन्छ कि एक अर्कालाई अभिवादन गर्नाले अपराध रोकथाममा प्रभाव पार्छ।

**(2) हो -हल्ला**

शहरमा बिशेष गरि आवाज को लागी मानिसहरु संवेदनशील हुन्छन। बिसेष गरि बच्चा हरु हुर्कौदा आउने आवाज ठुलो आवाज, आफ्नो रुमको छिमेकिले सहन नसक्ने हुन सक्छ। यदि अपार्टमेन्ट या ठुला घर मा बस्नु हुन्छ भने ठुलो आवाजको लागि बिसेष संबेदनसिल हुनु पर्दछ। बेलुका १० बजे पछिको समयमा बिशेष ध्यान पुराउनु पर्छ। दिनमा काम गर्ने मानिसको लागि रातको समय आरम गर्ने, निद्रा पुराउने बहुमूल्य समय हो। आफुले त्यति ठुलो आवाज ननिकाले पनि भवनको संरचना आनुसार त्यो आवाज अज ठुलो भएर बाहिर निस्कने केस पनि हुन्छ। बिसेष गरि रातको समय मा भ्याकुम मेसिन, लुगा धुने मेसिन आदि नचलाउनु होला। साथै रातको समयमा घर भित्र हिड्डुल अनि ढोका खोल्दा अनि बन्द गर्दा आउने आवाज मा बिसेष सतर्क अपनाउनु होला।
यदि तपाईं आवाजले चिन्तित हुनुहुन्छ भने, अपार्टमेन्टहरूको मामलामा सम्झौता गरेको फुदोसान संग र अरु केसमा टोल समाज /संघको अधिकारी हरु संग छलफल गर्नु होला।

**(3) बासिन्दाको संगठन**

तपाई बस्ने टोलमा धेरै स्थानीय संघहरू गठन भएका हुन्छन, जुन वरपरका मानिसहरु लाई मित्रतापूर्वक बनाउने उद्देश्यले बनेको हुन्छ। संघहरू प्राय: विभिन्न सामाजिक गतिविधिहरू गर्छन जस्तै सार्वजनिक क्षेत्रहरू सफा गर्नु आदि। येस्ता निवासीहरूको संस्थामा सहभागिता स्वैच्छिक हुन्छ, तर स्थानीय प्रशासकीय जानकारीका लागि धेरै उपयोगी हुन सक्छ। साथै, छिमेकीहरूसँग परिचित हुनु पनि अपराध रोक्नको लागि उपयोगी छ, त्यसकारण धेरै भन्दा धेरै भाग लिनुहोस्।

**(4) "सर्कुलेशन बोर्ड"**

जब तपाई आफ्नो टोल को सामाजिक संगठनमा भाग लिनुहुन्छ, तब प्रत्येक सहभागीले पाउने गरि सर्कुलेशन बोर्ड सबै सहभागीको बीच मा घुमाईन्छ । सर्कुलेशन बोर्डमा तपाई बस्ने नगरपालिका आदि बाट आएको जानकारी क्लिप बोर्डमा राखेर दिने चलन बडी हुन्छ। आफ्नो छिमेकमा बसेको मानिसले आफु पढे पछि तपाइलाई दिनु हुन्छ। आफु पढेपछि हानको छाप हानेर तपाइको घरको अर्को छिमेक को घरमा लगेर दिनु होला। आफुले लिदा

आफुले पढेपछि कसलाई दिने हो सोध्नु भए पनि हुन्छ।

（5）**सफाई**

बजार, टोल  र आफ्नो आवास  ओरपर  संबन्धित ठाउँ आनुसार निश्चित दिन आफ्नो टोलको सरसफाई, बाटो, टोल को पार्क आदिको सर सफाई गर्ने गरिन्छ। यस्तो गतिबिधिमा प्रतेक घरबाट एक जना सहभागी हुन्छन।  येस्तो प्रोग्राममा काम अथवा अन्य टाइममा भेट नहुने आफ्नो घरको  छिमेकि सलाई चिन्ने अनि संबन्ध बनाउने आबसर हुने हुदा येस्ता सरसफाई को कार्येक्रममा सहभागी जनाउनु होला।

## 2. **उपभोक्ता जीवन**

आजकल समान र सर्बिस बजारमा मात्र नभएर अनलाइनमा  पनि किन्न मिल्ने, अनेक सर्बिसहरु प्रयोग गर्न अनलाइन बाट नै सम्झौता गर्न मिल्ने भएको  छ।  उपभोक्ताको रुपमा हामी फोन र इन्टरनेट को सम्झौता, लोनबाट गाडीको खरिद, फुदोसान संग घर या  घर भाडाको सम्झौता आदि गर्न पर्ने हुन सक्छ। आफ्नो मातृभूमि र जापान मा समान किन्ने, बिबिन्न सम्झौता गर्ने तरिका को फरकपन, अनि जापानी भाषाको कमजोरी आदिले येस्ता समान हरु किन्न्दा या सम्झौता गर्दा विभिन्न समस्या उत्पन्न हुन सक्छ।    यस्तो समस्या आएमा घर नजिकको उपभोक्ता समितिमा सम्पर्क गरेर, समान या आफुले गरेको सम्झौताको छलफल गरेर  समाधानको बाटो खोज्न सकिन्छ।उपभोक्ता समितिमा समाधानको लागि छलफल गरे बापत कुनै शुल्क लाग्दैन।

URL http://www.kokusen.go.jp/map/ncac_map27.html